प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

# प्रेस विज्ञप्ति

मिति : २०७७/२/७

आज गण्डकी प्रदेश, प्रदेश सभाका सभामुख र अन्य सदस्यज्यूहरुको कोभिड–१९ पिसिआर परीक्षणका लागि नमूना संकलन गरिएको छ । यसअघि हिजो गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यू, ६ जना मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, कर्मचारी सहित पिएसओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको स्वाब पिसिआर परीक्षणका लागी संकलन गरिएको थियो । यहि जेष्ठ ११ गतेदेखि गण्डकी प्रदेश सरकारको बजेट अधिवेशन सुरु हुन लागेको हुनाले सतर्कताको लागि पिसिआर परीक्षण गर्न नमूना संकलनलाई तीव्र पारिएको हो ।

AIDS HEALTH CARE FOUNDATION (AHF) नेपालले NAPN को साझेदारीमा पश्चिमान्चल क्षेत्रीय अस्पताल पोखरामा  विभिन्न स्वास्थ्य सामाग्रीहरु हस्तान्तरण गरेको छ । AHF नेपालका क्षेत्रीय संयोजक डा.प्रिती आचार्य द्वारा पिपिइ, केहि मात्रा N95 मास्क ,सर्जिकल ग्लोभ्स ,थर्मल गन, रियुसेबल ग्लोभ्स लगायत केहि मात्रामा पलास्टिक रियूजेबल गूगल्स  पस्चिमान्चल क्षेत्रीय अस्पतालका  निर्देशक डा. अर्जुन आचार्यलाई एक समारोहका बीच हस्तान्तरण गर्नुभएको थियो । AHF नेपालले  विभिन्न १५ सरकारी अस्पतालसंग साझेदारी गर्दै HIV/AIDS का विरामीलाइ यातायात, पोषण, प्रयोगशाला र औषधी उपचार खर्चमा सहयोग गर्दै आएको छ ।

आज सामाजिक विकास मन्त्रालयमा मन्त्रालयका श्रीमान सचिव डिल्लीराम शर्माज्यूको विशेष उपस्थितिमा लेखनाथ  लायन्स सामुदायिक अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि गठित समितिको बैठक सम्पन्न भयो । स्वास्थ्य निर्देशनालयका निर्देशक तथा अध्ययन समितिका संयोजक डा. विनोद विन्दु शर्माले अध्ययन समितिले तयार पारेको प्रतिवेदन प्रस्तुत गर्नुका साथै प्राप्त सुझाव र पृष्ठपोषणलाई सम्बोधन गर्दै प्रतिवेदनलाई परिमार्जन र परिष्कृत गर्ने निर्णय भयो ।

अहिलेसम्म गण्डकी प्रदेशमा १५२० जनाको नमुना संकलन भएको छ जसमा ११३७ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ  र ३८० जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ । त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६९९८ जनामा RDT परिक्षण गरिएको छ ।

डा विनोद विन्दु शर्मा
निर्देशक